# नागरीक समाज संस्थाहरुका साकोसान पूर्व परामर्श बैठकको घोषणा पत्र

## दक्षिण एशियामा विद्यमान सरसफाइको जोखिमपूर्ण अवस्था अन्त्य गर्न तत्काल पहलका लागि हाम्रो माग

**२०११ अप्रिल २**

हामी अफ्गानीस्तान, बाङ्गलादेश, भुटान, भारत, माल्दिभ्स्, नेपाल, पाकिस्तान र श्रीलंकाका नागरीक समाज संस्थाका प्रतिनिधि, समुदायका अगुवा र नागरीकस्तरका कार्यकर्ताहरू हौं । हाम्रा मुलुकहरूबाट हजारौं महिला, पुरुष र बालवालिकाको बिचार/ आवाज संकलन गरी हामी २०११ अप्रिल १–२ मा कोलम्बो, श्रीलंकामा आयोजना गरिएको नागरीक समाजको साकोसान सम्मेलनमा सहभागी भएका छौं ।

हाम्रा सरकारहरूसँग सहकार्य गर्दै हामीले हाम्रा समुदायहरूमा सुधारोन्मुख परिवर्तनहरू ल्याएका छौं । हामीले संयुक्त प्रयास गर्दागर्दै पनि सन् २००८ को साकोसान पछि सरसफाइ र खानेपानीको उचित सुविधाको अभावका कारण झाडापखालाबाट दक्षिण एशिया क्षेत्रमा मात्रै पाँच बर्ष मुनिका करीब ७५ हजार बालवालिकाहरूले अकालमा ज्यान गुमाइ सकेका छन् ।

यस प्रकारको अकाल मृत्यु र यसको प्रभावको अन्त्य गर्न हामी चाहिरहेका छौं । यसैले हामी हाम्रा सरकारहरूलाई तत्काल प्रभावकारी पहल गर्न आह्वान गर्दछौं –

- सन् २००८ नोभेम्बरमा आयोजना गरिएको तेश्रो साकोसानबाट पारित दिल्ली घोषणापत्रले सरसफाइ क्षेत्रमा आवश्यक परिवर्तनका लागि ठोस मुद्दाहरू उठाएका थिए । उक्त साकोसानमा गरेका सम्पूर्ण प्रतिबद्धताहरू पुरा गर्न हामी हाम्रा सरकारहरूलाई समयसीमा सहितको योजना तर्जुमा र श्रोत परिचालनको लागि आग्रह गर्दछौं ।
- सन् २००८ को दिल्ली घोषणापत्रले पानी र सरसफाइलाई मौलिक अधिकारको रूपमा पहिचान गरेको छ । यसै गरी सन् २०१० मा संयुक्त राष्ट्रसंघको महासभा र संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्ले पनि यसलाई अपनाएको छ । यस कार्यको कदर गर्दै हामी हाम्रा सरकारहरूलाई पानी र सरसफाइ सम्बन्धी अधिकारलाई बैधानिकता प्रदान गर्न, कानूनी संवत ढंगबाट कार्यान्वयन गर्न र सरसफाइ सम्बन्धी नीतिहरूमा समावेश गर्न आह्वान गर्छौं ।
- अझै पनि करीब १ करोड गरीब, सिमान्तकृत र निरिह दक्षिण एशियाली नागरिकहरू आधारभुत सरसफाइ सुबिधाबाट बञ्चित छन् । यस समुह अन्तर्गत भुमिहीन सुकुम्बासी, महिनावारीको समयमा सरसफाइ सुबिधाबाट बञ्चित महिला, उचित शौचालय सुबिधा नभएका विद्यालयका विद्यार्थीहरू, शारीरिक रूपमा अशक्त व्यक्ति तथा अन्य सिमान्तकृत समूह पर्दछन् । हामी हाम्रा सरकार तथा अन्य सरोकारवालाहरूलाई सरसफाइ सम्बन्धि सान्दर्भिक, समान र सहभागितामुलक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आह्वान गर्दछौं । यस अन्तर्गत गरीब एवं अत्यन्त सिमान्तकृत समूहको राम्रो पहिचान, र समुदायमुखी कार्यक्रमहरूका लागि पारदर्शीढंगले बजेट बिजियोजन गर्ने कार्य पर्दछन् ।
- सफल र दीर्घकालीन सरसफाइ र स्वास्थ्य शिक्षा कार्यक्रम दरिलो जवाफदेहीतामा आधारित हुन्छन् । हाम्रो आह्वान :
  - ➢ भुमिका र कर्तब्य सहितको यस्तो बहुसंख्यक सरोकारवाला सम्मीलित अनुगमन संयन्त्रको बिकास गर्नु पर्दछ जसले सिमान्तकृत बर्गमा सरसफाइ सुविधाको प्रयोग जस्ता सर्वमान्य मापकको प्रयोग गरी सरसफाइको क्षेत्रमा भएका सुधार मापन गर्दछ ।
  - ➢ नागरीक सुनुवाइ, सामाजिक लेखाजोखा, नागरीक तथ्याङ्क कार्ड आदिको माध्यमबाट समुदायस्तरीय सरसफाइ सम्बन्धी कार्यक्रमहरूको योजना तर्जुमा तहदेखि त्यसको कार्यान्वयनको स्तरसम्म नै सहभागीमुलक, समावेशी र सामाजिक जवाफदेही संयन्त्रको बिकास गर्नु पर्दछ ।

यस प्रकारको सरसफाइको जोखिमपूर्ण अवस्थाको अन्त्यको लागि सम्पूर्ण सरोकारवालाहरूको तर्फबाट गरिने प्रयासमा बृद्धि हुनु पर्दछ । यस जोखिमपूर्ण अवस्थालाई स्वास्थ्यको दृष्टिकोणबाट हर्दै स्वास्थ्य क्षेत्रले यसमा खेल्न सक्ने महत्वपूर्ण भुमिकालाई ध्यानमा राखि, हामी आगामी साकोसानमा पनि स्वास्थ्य मन्त्रीको सहभागिताको लागि आग्रह गर्दछौं ।

सरसफाइ लक्ष्यलाई यथार्थ स्वरूप प्रदान गर्न हामी (नागरीक समाजका प्रतिनिधिहरू) आगामी दिनमा संयुक्त कार्य गर्ने, सफल उदाहरण मार्फत अरूलाई प्रोत्साहन गर्ने र अर्थपूर्ण सहकार्य गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।